रु. १००/- अंकित दरका १९,५७,५०० कित्ता शेयरमध्ये ३९,१५० कित्ता अर्थात २ प्रतिशत कर्मचारीहरुलाई र ९७,८७५ कित्ता अर्थात ५ प्रतिशत सामूहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी १८,२०,४७५ कित्ता साधारण शेयर सर्वसाधारणमा सार्वजनिक निष्काशन गरिएको ।

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.व. ०७५/०७६	आ.व. ०७६/०७७	आ.व. ०७७/०७८	आ.व. ०७८/०७९	आ.व. ०७९/०८०	आ.व. ०८०/०८१
प्रति शेयर नेटवर्थ (रु.)	९८.८३	१०४.००	१०८.२१	११३.१७	१२०.३५	१३०.६८
प्रति शेयर आम्दानी (रु.)	(०.३७)	४.७३	४.२१	६.९८	७.१८	१०.३२
संचित नाफा/(नोक्सानी) (रु. हजारमा)	(७,४५०)	४०,७५२	८३,६३५	१७७,८५६	२७४,७८९	४१४,१३०
नेटवर्थमा औसत प्रतिफल (%)	(०.३८)	४.५५	३.८९	६.१७	५.९७	७.९०

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:

नेपाल धितोपत्र बोर्डबाट क्रेडिट रेटिङ्ग सम्बन्धी कार्य गर्न अनुमति प्राप्त संस्था इक्रा नेपाल (ICRA NEPAL) ले मिति २०७८/१२/०८ गते यस कम्पनीलाई "[ICRANP-IR]BB+ (Pronounced as ICRA NP issuer rating double B plus) निष्काशनकर्ता रेटिङ्ग" प्रदान गरेको छ र सो को अवधि एक वर्ष रहनेछ । [ICRANP-IR]BB+ ले समयमा वित्तीय दायित्व पुरा गर्न सक्ने सम्बन्धमा मध्यम जोखिम रहेको (Moderate risk of default regarding timely servicing of Financial obligation) जनाउँदछ। ईक्रा नेपाल लिमिटेडले [ICRANP - IR]AAA देखि [ICRANP - IR]D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा [ICRANP - IR]AAA ले बलियो आधार जनाउँछ र [ICRANP - IR]D ले कमजोर आधार जनाउँदछ भने रेटिङ्ग संकेत पछाडी रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ। यसको अर्थ [ICRANP-IR]BB+ को स्थिति [ICRANP-IR]BB भन्दा एक चिन्ह माथि रहन्छ।

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनी लिमिटेड
UPPER SOLU HYDRO ELECTRIC COMPANY LIMITED

का.म.न.पा. वडा नं. १, हात्तीसार, काठमाडौं ।
फोन नं.: ९७७-०१-४४२६९४१, ४४२६९४२, फ्याक्स नं.: ०१- ४४२६९४३
वेबसाइट: www.ushec.com.np, इमेल: ushec@info.com.np

आव्हान-पत्र

यो विवरण-पत्र नभई केवल आव्हान-पत्र मात्र हो ।

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गरिन्छ ।

प्रति मेगावाट तथा कूल लागत सम्बन्धी विवरण:

संगठित संस्थाको वित्तीय विवरण अनुसार प्रति मेगावाट लागत रु. २१,२७,६५,९५७.४४/- र आयोजनाको कुल लागत रु. ५00 करोड [Interest during construction (IDC)] सहित रहेको छ ।

विद्युत उत्पादन अनुमति पत्र बाँकी अवधि सम्बन्धी विवरण:

अनुमतिपत्र बहाल रहने अवधि मिति २०७०/१२/०४ देखि २१०५/१२/०३ सम्म रहेकोले २७ वर्ष बाँकी रहेको छ ।

लगानी फिर्ता हुने अवधि सम्बन्धी विवरण:

साधारण लगानी फिर्ता अवधि ७.८६ वर्ष तथा डिस्काउन्टेट लगानी फिर्ता अवधि १६.९६ वर्ष रहेको छ ।

दरखास्त दिनुपर्ने न्यूनतम कित्ता: १0 कित्ता
दरखास्त दिन पाउने अधिकतम कित्ता : १,00,000 कित्ता

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

साधारण शेयरको बिक्री खुल्ला अवधि:

धितोपत्र निष्काशन खुल्ला मिति :	२०७९/03/20
धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा) :	२०७९/03/23 (बैंकिङ्ग समय पश्चात्)
धितोपत्र निष्काशन बन्द हुने मिति (ढिलोमा) :	२०७९/04/02 (बैंकिङ्ग समय पश्चात्)

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०७९/०१/०७, तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०७९/०१/०९ ।

(१) कम्पनीको नामः

अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनी लिमिटेड (Upper Solu Hydro Electric Company Limited)।

(२) कम्पनी कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :

यस अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनी लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६७/०१/१४ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेडको रूपमा दर्ता भई मिति २०७३/०१/०२ गते पब्लिक लिमिटेडको रुपमा परिणत भएको हो ।

(३) कम्पनीको रजिष्टर्ड ठेगानाः

यस कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. १ हात्तीसारमा रहेको छ। आवश्यकता अनुसार कम्पनी ऐन, २०६३ बमोजिम रजिष्टर्ड कार्यालय अन्य स्थानमा स्थानान्तरण गर्न सकिनेछ।

(४) कारोवार गर्ने मुख्य स्थान :

यस सोलु जलविद्युत आयोजनाको विद्युत उत्पादन सम्बन्धी कारोवारको आयोजना स्थल, जलविद्युत उत्पादन केन्द्र तथा अन्य भौतिक पूर्वाधारहरु सोलुखुम्बु जिल्ला, हालको सोलु दुधकुण्ड नगरपालिका वडा नं. ६, ७ र ११ को सल्लेरी, गार्मा, छुल्यामु, साल्मे र तिङ्ला भन्ने स्थानमा रहेको छ।

(५) कम्पनीको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :

देशमा रहेको बढ्दो विद्युतको लोडसेडिङ्गलाई न्युनीकरण गर्न नेपाल सरकारको मिति २०६५/०९/०९ को निर्णय बमोजिमको राष्ट्रिय विद्युत संकट न्युनीकरण कार्ययोजना २०६५ कार्यान्वयनको सिलसिलामा नेपाल सरकारबाट सन् २००९ मा नेपाल सरकारका केहि प्रतिवद्धताका साथ नेपाल सरकारले तत्कालिन अवस्थामा अध्ययन सम्पन्न गरेका विभिन्न ८ (आठ) जलविद्युत आयोजनाहरु निजी क्षेत्रका प्रवर्धकहरुबाट विकास गराउने अभिप्रायले प्रतिस्पर्धाको माध्यमबाट प्रस्ताव पेश गर्न बोलपत्र आह्वान गरेको थियो। ती आठ जलविद्युत आयोजनाहरु मध्ये छ जलविद्युत आयोजनाहरुमा निजी क्षेत्रका प्रवर्धकहरुबाट प्रस्तावहरु पेश भएका थिए। ती ६ जलविद्युत आयोजनाहरुमा निजी क्षेत्रका प्रवर्धकहरुबाट पेश भएका प्रस्तावहरुको आवश्यक मूल्यांकन पश्चात् नेपाल सरकारले विभिन्न जलविद्युत आयोजनाहरु निजी क्षेत्रका विभिन्न प्रवर्धकहरुलाई विकास गर्न अनुमति प्रदान गरेको थियो। यी नै ६ जलविद्युत आयोजनाहरुलाई चलन चल्तीको भाषामा सुपर सिक्स (Super Six) आयोजना भन्ने गरिएको छ। यी नै ६ जलविद्युत आयोजनाहरु मध्येको २३,५०० किलोवाट क्षमताको सोलु जलविद्युत आयोजना पनि एक हो। यस सोलु जलविद्युत आयोजनाको अनुमतिपत्र यस अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनी लिमिटेडलाई प्राप्त भएको छ। यस कम्पनीले अनुमतिपत्र प्राप्ती पश्चात् आवश्यक थप अध्ययनहरु (आयोजनाको विस्तृत अध्ययन तथा वातावरणीय अध्ययन) सम्पन्न गर्ने, ईन्जिनियरिङ्ग डिजाइन तयार गर्ने र निर्माण गर्ने कार्यहरु सम्पन्न गरेको छ। हाल यस सोलु जलविद्युत आयोजनाको निर्माण सम्पन्न भईसकेको छ र सुपर सिक्स आयोजनाहरु मध्ये सबभन्दा पहिले विद्युत उत्पादन गर्ने आयोजना भएको छ। यस आयोजनाले मिति २०७६/१२/१० देखि आंशिक रुपमा विद्युत उत्पादन गर्दै ३३ के.भि. प्रशारण लाईन (वैकल्पिक व्यवस्था) मार्फत राष्ट्रिय प्रशारण प्रणालीमा उत्पादित विद्युत बिक्री गर्दै आई रहेकोमा यस कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच भएको विद्युत खरीद बिक्री सम्फौताको प्रावधान अनुरुप सोलु करिडोर १३२ के.भी. प्रशारण लाईनको निर्माण कार्य सम्पन्न भई मिति २०७८/११/०७ गतेदेखि सोही सोलु करिडोर १३२ के.भी. प्रशारण लाईन मार्फत राष्ट्रिय प्रशारण प्रणाली मार्फत उत्पादित विद्युत पूर्ण रुपमा बिक्री भैरहेको छ।

१.१ अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनी लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६७/०१/१४ मा प्राइभेट लिमिटेडको रुपमा दर्ता भई मिति २०७३/०१/०२ मा प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेडमा परिणत भई दर्ता भएको हो।

१.२. कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मूख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :

१. नेपाल सरकारको अनुमति लिई जलविद्युत शक्ति उत्पादन गर्ने, विभिन्न किसिमका विकास निर्माणका आयोजनाहरुको भौतिक पूर्वाधार विकास तथा आयोजनाहरुको संरचना निर्माण गर्ने, त्यस्ता आयोजनाहरुको निर्माण तथा संचालनको लागि एकल वा संयुक्त रुपमा लगानी गर्ने,
२. विद्युत उत्पादन, प्रशारण तथा वितरण सम्बन्धी कार्य गर्नको लागि नयाँ आयोजनाहरु तयार गर्ने साथै यससंग सम्बन्धित आवश्यक अन्य कार्यहरु गर्ने,
३. जल, वायु तथा शौर्य शक्ति जस्ता विद्युतिय स्रोतका प्रयोग गरी विद्युत उत्पादन गर्ने,
४. उच्च तथा न्यून भोल्टेज प्रसारण लाइनबाट विद्युत प्रसारण गर्ने,
५. आवश्यक प्लान्ट तथा मेसिनरी सरसामानको जडान गर्ने, संचालन गर्ने, र उचित व्यवस्थापन गर्ने,
६. जलस्रोत शक्ति उत्पादनहरुको लागि आवश्यक अनुसन्धान एवं परामर्श सेवा प्रदान गर्ने,
७. जलविद्युत शक्ति उत्पादनहरुको लागि आवश्यक अनुसन्धान गरी योजनाहरुको सम्भाव्यता अध्ययन प्रतिवेदनहरु तयार गर्ने, यस किसिमका उद्देश्य भएका अन्य कम्पनीहरुसँग समन्वय गरी आवश्यक परामर्श सेवा उपलब्ध गराउने ।
८. हाइड्रोपावर कम्पनीहरुको आयोजना निर्माण, भौतिक पुर्वाधार विकास तथा परियोजनाको सम्भाव्यता अध्ययनको लागि आह्वान गरिने बोलपत्रहरुमा भाग लिई माग बमोजिमको सेवा प्रदान गर्ने,

१.३. कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनी लिमिटेडले प्रदेश १, सोलुखुम्बु जिल्लाको हालको सोलु दुधकुण्ड नगरपालिकामा अवस्थित सोलु खोलाको पानी प्रयोग गरी २३.५ मेगावाट क्षमताको सोलु जलविद्युत आयोजना नेपाल सरकारद्वारा प्रतिस्पर्धा मार्फत निर्माण तथा संचालनको लागि छनौट भई विद्युत ऐन, २०४९ बमोजिम विद्युत उत्पादनको अनुमति पत्र प्राप्त गरेको हो। यस आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणलाई प्राधिकरणको प्रशारण प्रणाली भएको ठाउँमा पुऱ्याई बिक्री गर्ने र प्राधिकरणले पनि उक्त आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति खरीद गर्नकालागि प्राधिकरणसंग मिति २०७० साल कार्तिक २५ गते सम्फौता भईसकेको छ।

१.४. आयोजनाको कूल जलविद्युत उत्पादन क्षमता : प्रदेश नं. १ अन्तर्गत सोलुखुम्बु जिल्लाको सोलु दुधकुण्ड नगरपालिका भएर बहने सोलु खोलामा निर्माण भएको सोलु जलविद्युत आयोजनाको कूल उत्पादन क्षमता २३.५ मेगावाट रहेको छ।

१.५ आयोजनाको विद्युत उत्पादन अनुमति प्राप्त गरेको मितिः सोलु जलविद्युत आयोजनालाई नेपाल सरकार, उर्जा मन्त्रालय, विद्युत विकास विभागबाट मिति २०७०/१२/१३ मा विद्युत उत्पादनको अनुमति पत्र प्राप्त भएको र सो को अनुमति पत्र मिति २०७०/१२/०४ देखि २१०५/१२/०३ गतेसम्म बहाल रहने छ।

१.६ आयोजनाको कूल लागत : यस आयोजनाको अनुमानित कूल लागत रु. ५०० करोड रहेको र प्रति मेगावाट रु. २१,२७,६५,९५७.४४/- रहेको छ।

१.७ आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि : ७.८६ वर्ष

१.८ आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि : १६.९६ वर्ष

१.९ आयोजनाको प्रसारण लाइन अनुमति प्राप्त गरेको मिति : नेपाल सरकार उर्जा मन्त्रालय, विद्युत विकास विभागबाट सोलु जलविद्युत आयोजना १३२ के. भी. विद्युत प्रसारण लाईनको अनुमतिपत्र मिति २०७१/१०/२७ मा प्रदान गरिएको छ र सो अनुमतिपत्र बहाल रहने अवधि मिति २०७१/१०/०४ देखि मिति २०९६/१०/०३ सम्म रहेको छ।

१.१० कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरीद-बिक्री सम्फौताका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् :

ग्रिड प्रशारण लाईन सम्पन्न गर्न प्राधिकरणले ढिलाई गरेमा कम्पनीलाई निम्नानुसारको हर्जना तिर्नुपर्ने :

(०.४५ X कन्ट्याक ईनर्जिको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति भन्दा ६ महिना परको मितिदेखि व्यापारिक उत्पादन शुरु हुने मिति बीचको दिन अन्तरको अवधिको उर्जा X व्यापारिक उत्पादन शुरु हुने मिति (COD) मा लागू हुने खरिद दर) वा ऋण सम्फौता अनुसार उक्त अवधिको ब्याजमात्र तिर्नका लागि पुग्ने रकम मध्ये जुन घटी हुन्छ।

१. अप्पर सोलु जलविद्युत आयोजनाबाट वार्षिक १३२,५२९,५१० किलोवाट घण्टा विद्युत उत्पादन तथा बिक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ। यसमा वर्षायामको लागि १०८,०८७,८२७ किलोवाट घण्टा र सुख्खायामको लागि २४,४४१,६८३ किलोवाट घण्टा निर्धारण गरिएको छ।
२. प्राधिकरणले प्रत्येक महिना आयोजनाबाट कन्ट्याक्ट इनर्जीको परिमाण सम्मको Availability Declaration अनुसारको इनर्जी खरीद गरी लिनेछ। यस अनुसार प्राधिकरणले लिनुपर्ने उर्जा Forced Outage को कारणले लिन नसकेमा वा Dispatch Instruction को कारणले नलिएमा विद्युत खरीद सम्फौताको अनुसूची ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछ।
३. कन्ट्याक्ट इनर्जी वा Availability Declaration को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटि छ सो को ८० प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नुपर्नेछ। प्राधिकरणको कारण वा Schedule Outage वा काबु बाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाण सम्मको विद्युत कम्पनीले आपूर्ति गर्न नसकेमा वा नगरेमा निम्न सूत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नुपर्नेछ।

क्षतिपूर्ति रकम

= रु [०.८ * सो महिना कम्पनीबाट प्राधिकरणलाई आपूर्ति हुनु पर्ने बढीमा कन्ट्याक्ट इनर्जी सम्मको Availability Declaration अनुसारको विद्युत उर्जा - सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा - सोही अवधिमा प्राधिकरणले वा Schedule Outage वा काबु बाहिरको परिस्थितिको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा]* सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरीद दरः

यसरी हिसाब गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपूर्ति रकमलाई शून्य मानिने छ।

क्षतिपूर्ति रकम बील रकम भन्दा बढी भएमा बील रकम भन्दा बढी भएको क्षतिपूर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्न पर्ने छैन।

माथि उल्लेख भए अनुसार प्राधिकरणले कम्पनीलाई वा कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति तिर्ने व्यवस्था आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मिति देखि लागू हुनेछ।

४. प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्याक्ट इनर्जीको परिमाणसम्मको उर्जा खरीद वापत वर्षायाममा प्रति कि.वा. घण्टा रु. ४/८० (चार रुपैंया असी पैसा मात्र) र सुख्खायाममा प्रति कि.वा. घण्टा रु. ८/४० (आठ रुपैंया चालीस मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तिय संस्थालाई बुफाउने छ। साथै व्यापारिक उत्पादन शुरु हुने मितिबाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुने गरी प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले पाँच (५) पटकसम्म मूल्यबृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ।

अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरी)	सुख्खायाम (पौषदेखि चैत्रसम्म) (रु. प्रति युनिट)	वर्षायाम (वैशाखदेखि मार्गसम्म) (रु. प्रति युनिट)
पहिलो महिनादेखि १२ औं महिनासम्म	८.४०	४.८०
१३ औं महिनादेखि २४ औं महिनासम्म	८.६५	४.९४
२५ औं महिनादेखि ३६ औं महिनासम्म	८.९०	५.०९
३७ औं महिनादेखि ४८ औं महिनासम्म	९.१६	५.२३
४९ औं महिनादेखि ६० औं महिनासम्म	९.४१	५.३८
६१ औं महिनादेखि सम्फौता अवधिसम्म	९.६६	५.५२

तर व्यापारिक उत्पादन शुरु हुनुपर्ने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा निम्नानुसार वार्षिक मूल्यबृद्धि दिईनेछ :

क. RCOD को तुलनामा COD ६ महिनाभन्दा बढी १८ महिनासम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यबृद्धि दिईनेछ।
ख. RCOD को तुलनामा COD १८ महिनाभन्दा बढी ३० महिनासम्म ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्यबृद्धि दिईनेछ।
ग. RCOD को तुलनामा COD ३० महिनाभन्दा बढी ४२ महिनासम्म ढिलो हुन गएमा जम्मा २ वटा मात्र मूल्यबृद्धि दिईनेछ।
घ. RCOD को तुलनामा COD ४२ महिनाभन्दा बढी ५४ महिनासम्म ढिलो हुन गएमा जम्मा १ वटा मात्र मूल्यबृद्धि दिईनेछ।
ङ. RCOD को तुलनामा COD ५४ महिनाभन्दा बढी ढिलो हुन गएमा मूल्यबृद्धि दिईनेछैन।

५. प्राधिकरणले Dispatch Instruction जारी गरी अतिरिक्त उर्जा (Excess Energy) खरीद गरी लिएमा यस्तो अतिरिक्त उर्जाको हकमा विद्युत खरीद बिक्री सम्फौता को दफा १२.१ मा अनुसारको खरीद दरको ५०% दरमा कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ।
६. कम्पनीले जलविद्युत आयोजनामा जडित मेशिन औजारहरू तथा अन्य उपकरणहरुको पुनर्स्थापना मूल्यभन्दा कम नहुने गरी र प्रचलित कानून बमोजिम गर्नुपर्ने सबै प्रकारका बीमाहरू गरेको छ।

परियोजनाको हालको अवस्था :

यो विवरणपत्र तयार पार्दा आयोजनाको शत् प्रतिशत निर्माण कार्य सम्पन्न भएको तथा सोलु करिडोर १३२ के.भी. प्रशारण लाईनको निर्माण समेत सम्पन्न भई मिति २०७८/११/०७ गते देखि सो प्रशारण लाईन मार्फत आयोजनाबाट उत्पादित विद्युत पुर्ण रुपमा बिक्री भै रहेको छ।

संगठित संस्था सोलु जलविद्युत आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :

विद्युत परियोजनाको नाम : सोलु जलविद्युत आयोजना

आयोजना स्थल : सगरमाथा अञ्चल सोलुखुम्बु जिल्ला, हालको सोलु दुधकुण्ड न.पा व.डा नं ६ (साविकको सल्लेरी गा.वि.स वडा नं ६ र ७), सोलु दुधकुण्ड वडा नं ७ (साविकको गार्मा गा.वि.स. वडा नं ६, ७ र ८) र सोलु दुधकुण्ड न.पा.वडा नं ११ (साविकको तिङ्ला गा.वि.स वडा नं ७.)

श्रोत नदी : सोलु खोलाको पानी
आयोजनाको किसिम : रन अफ रिभर
विद्युत उत्पादन अनुमति प्राप्त मिति : २०७०/१२/०४
विद्युत उत्पादन अनुमति बहाल रहने मिति : २०७०/१२/०४ देखि २१०५/१२/०३
जडित क्षमता : २३.५ मेगावाट
आयोजनाको कूल लागत : रु.५०० करोड
आयोजनाको प्रति मेगावाट लागत : रु.२१,२७,६५,९५७.४४
आयोजनाको साधारण लगानीफिर्ता हुने अवधि : ७.८६ वर्ष
आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि : १६.९६ वर्ष

कम्पनीको वित्तीय परिसूचक -

आयोजनाको व्यापारीक उत्पादन शुरु हुने वर्षलाई आधार वर्ष मान्दा लगानी फिर्ता हुने अवधि (Pay Back Period) ७.८६ वर्ष र (Discounted Pay Back Period) १६.९६ वर्ष र Internal Rate of Return (IRR) ११.६१ प्रतिशत र Net Present Value (NPV) ७०७,५२६,८७५ रहने अनुमान रहेको छ। नेपाल राष्ट्र बैंकले Valuation प्रयोजनको लागि तोकेको प्रकृयालाई आधार मानी कम्पनीको तीसौं नगद प्रवाहलाई Discount Rate ले भाग गरि आउने नगद प्रवाहलाई Terminal Value मानी Net Present Value (NPV) तथा Internal Rate of Return (IRR) गणना गरिएको। NPV तथा IRR गणना गर्दा Cash Flow Basis अनुरुप गणना गरिएका छ।

Net Present Value (NPV) तथा Internal Rate of Return (IRR), Pay Back Period, Discounted Pay Back Period, Total project Cost and Cost Per Megawaat गणना को संक्षिप्त विवरण :

वर्ष	कर पछिको खुद नाफा	ब्याज भुक्तान	ह्रासकट्टी	ब्याज भुक्तान र ह्रासकट्टी पछिको खुद नाफा	संचयी नाफा	डिष्काउन्टिङ्ग आधार ९.९२%	डिष्काउन्टेड नगद प्रवाह	संचयी डिष्काउन्टेड नगद प्रवाह
०	(५,०००,०००,०००)	–	–	(५,०००,०००,०००)	(५,०००,०००,०००)	१.००	(५,०००,०००,०००)	(५,०००,०००,०००)
१	९४,२२१,४८७	१६९,३६५,४३८	७०,०३०,३५१	३३३,६१७,२७६	(४,६६६,३८२,७२४)	०.९०९८	३०३,५०९,१६७	(४,६९६,४९०,८३३)
२	९६,९३२,१९५	३६६,६४३,३००	१६७,७२६,३८०	६३१,३०१,८७५	(४,०३५,०८०,८४९)	०.८२७६	५२२,४९६,८०६	(४,१७३,९९४,०२८)
३	१३९,३४०,९१८	३४२,८३५,३००	१६७,४५७,३४८	६४९,६३३,५६६	(३,३८५,४४७,२८३)	०.७५३०	४८९,१४५,७६४	(३,६८४,८४८,२६३)
४	१८७,४०८,७५४	३१३,०७५,३००	१६७,२४२,८१९	६६७,७२६,८७३	(२,७१७,७२०,४१०)	०.६८५०	४५७,३९५,५९३	(३,२२७,४५२,६७०)
५	२४०,०३१,२२५	२७८,३५५,३००	१६७,०७१,६४४	६८५,४५८,१६९	(२,०३२,२६२,२४१)	०.६२३२	४२७,१६६,६६९	(२,८००,२८६,००१)
६	२९९,९५३,६१९	२३६,४९२,९००	१६६,९३४,९७५	७०३,३८१,४९४	(१,३२८,८८०,७४७)	०.५६६९	३९८,७७७,४७५	(२,४०१,५०८,५२६)
७	३५३,७२९,१४७	१९४,६३०,५००	१६६,८२५,७९१	७१५,१८५,४३८	(६१३,६९५,३०९)	०.५१५८	३६८,८७७,०४१	(२,०३२,६३१,४८५)
८	३९२,९९२,५११	१५२,७६८,१००	१६६,७३८,५१०	७१२,४९९,१२१	९८,८०३,८१२	०.४६९२	३३४,३२६,३२६	(१,६९८,३०५,१५९)
९	४१६,८७२,६२६	११०,९०५,७००	१६६,६६८,६९८	६९४,४४७,०२४	७९३,२५०,८३६	०.४२६९	२९६,४४८,०८१	(१,४०१,८५७,०७८)
१०	४४४,५७३,२५८	५४,१६३,३००	१६६,६१२,८२३	६६५,३४९,३८१	१,४५८,६००,२१७	०.३८८४	२५८,३९४,०८०	(१,१४३,४६२,९९८)
११	४९१,३२२,१९३	–	१६६,५६८,०७६	६५७,८९०,२६९	२,११६,४९०,४८६	०.३५३३	२३२,४३९,२९३	(९११,०२३,७०५)
१२	४८९,४३५,००४	–	१६६,५३२,२२०	६५५,९६७,२२४	२,७७२,४५७,७१०	०.३२१४	२१०,८४४,१२५	(७००,१७९,५८०)
१३	४६८,६११,०१३	–	१६६,५०३,४६९	६३५,११४,४८२	३,४०७,५७२,१९२	०.२९२४	१८५,७१८,२८३	(५१४,४६१,२९७)
१४	३२९,९१८,६२३	–	१६६,४८५,१९८	४९६,४०३,८२१	३,९०३,९७६,०१३	०.२६६०	१३२,०५६,८८२	(३८२,४०४,४१५)
१५	३६७,४७०,९३७	–	१६६,४६५,३२०	५३३,९३६,२५७	४,४३७,९१२,२७०	०.२४२०	१२९,२२२,६४२	(२५३,१८१,७७३)
१६	३६५,४७६,०४०	–	१६६,४४४,९६१	५३१,९२१,००१	४,९६९,८३३,२७१	०.२२०२	११७,११६,९१४	(१३६,०६४,८५९)
१७	३६३,४०९,८८८	–	१६६,४३३,५२१	५२९,८४३,४०९	५,४९९,६७६,६८०	०.२००३	१०६,१३१,२५५	(२९,९३३,६०३)
१८	३६१,२७५,९४४	–	१६६,४२४,२९१	५२७,७००,२३५	६,०२७,३७६,९१५	०.१८२२	९६,१६२,६३०	६६,२२९,०२७
१९	३५९,०७२,७४४	–	१६६,४१६,८४३	५२५,४८९,५८७	६,५५२,८६६,५०२	०.१६५८	८७,११७,७०८	१५३,३४६,७३५
२०	३५६,७९८,३७४	–	१६६,४१०,८३०	५२३,२०९,२०४	७,०७६,०७५,७०६	०.१५०८	७८,९११,६२४	२३२,२५८,३५९
२१	३५४,४५१,०८२	–	१६६,४०५,९७०	५२०,८५७,०५२	७,५९६,९३२,७५८	०.१३७२	७१,४६७,३१०	३०३,७२५,६६८
२२	३५२,०२८,७८०	–	१६६,४०२,०४४	५१८,४३०,८२४	८,११५,३६३,५८२	०.१२४८	६४,७१४,७०६	३६८,४४०,३७४
२३	३४९,५२९,४६३	–	१६६,३९८,८६९	५१५,९२८,३३२	८,६३१,२९१,९१४	०.११३६	५८,५९०,१७९	४२७,०३०,५५३
२४	३४६,९५१,०१४	–	१६६,३९६,२९९	५१३,३४७,३१३	९,१४४,६३९,२२७	०.१०३३	५३,०३५,९०९	४८०,०६६,४६२
२५	३४४,२९०,९९८	–	१६६,३९४,२२०	५१०,६८५,२१८	९,६५५,३२४,४४५	०.०९४०	४७,९९९,३४३	५२८,०६५,८०६
२६	३४१,५४७,१८२	–	१६६,३९२,५३४	५०७,९३९,७१६	१०,१६३,२६४,१६१	०.०८५५	४३,४३२,७६३	५७१,४९८,५६९
२७	३३८,७१७,०१६	–	१६६,३९१,१७०	५०५,१०८,१८६	१०,६६८,३७२,३४७	०.०७७८	३९,२९२,८००	६१०,७९१,३६८
२८	३३५,७९८,१५८	–	१६६,३९०,०६१	५०२,१८८,२१९	११,१७०,५६०,५६६	०.०७०८	३५,५४०,०७७	६४६,३३१,४४६
२९	३३२,७८७,७४७	–	१६६,३८९,१६३	४९९,१७६,९१०	११,६६९,७३७,४७६	०.०६४४	३२,१३८,७९७	६७८,४७०,२४३
३०	३२९,६७१,३४५	–	१६६,४०३,११०	४९६,०७४,४५५	१२,१६५,८११,९३१	०.०५८६	२९,०५६,६३२	७०७,५२६,८७५
जम्मा लगानी				५,000,000,000				
NPV				७०७,५२६,८७५				
साधारण लगानी फिर्ता अवधि				७.८६ वर्ष				
डिष्काउन्टेड लगानी फिर्ता अवधि				१६.९६ वर्ष				
IRR				११.६१%				
प्रति मेगावाट लागत				२१,२७,६५,९५७.४४				
* नोट : आयोजनाको कुल लागत (IDC) सहित रु. ५,००,००,००,०००/- रहेको।								

(६) धितोपत्र जारी गर्नुको उद्देश्य :

१. कम्पनी ऐन, २०६३ तथा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएका प्रावधानहरु तथा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था बमोजिम जारी पूँजीको १० प्रतिशत अर्थात रु. १३,५०,००,०००/- रकम बराबरको रु. १००/- अंकित दरका १३,५०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि र जारी पूँजीको १४.५% अर्थात रु. १९५,७५०,०००/- रकम बराबरको रु. १००/- अंकित दरका १,९५७,५०० कित्ता सर्वसाधारणहरुलाई बिक्री वितरण गरी कम्पनीको जारी पूँजी रु. १,३५,००,००,०००/- (अक्षेरपी एक अर्ब पैंतीस करोड मात्र) पुर्याउन।
२. कम्पनीको वित्तीय एवम् आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न।
३. कम्पनीको प्रबन्ध-पत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी संकलन गर्न।
४. सर्वसाधारण तथा आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि कम्पनीको धितोपत्र निष्काशन तथा बिक्री गरी लगानीको अवसर दिन, बैंकबाट लिईएको कर्जा भुक्तानी तथा कम्पनीबाट आयोजना निर्माणको लागि रकम संकलन गर्न।

(७) पूँजी संरचना सम्बन्धी जानकारी :

अधिकृत पूँजी : कम्पनीको अधिकृत पूँजी रु. १,५०,००,००,०००/- (अक्षेरपी एक अर्ब पचास करोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले १,५०,००,००० (एक करोड पचास लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।

जारी पूँजी : कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु. १,३५,००,००,०००/- (अक्षेरपी एक अर्ब पैंतीस करोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले १,३५,००,००० (एक करोड पैंतीस लाख) थान शेयरमा विभाजन गरिएको छ।

चुक्ता पूँजी : हाल कम्पनीको चुक्ता पूँजी रु. १,०१,९२,५०,०००/- (अक्षेरपी एक अर्ब उन्नाइस करोड दुई लाख पचास हजार रुपैंया मात्र) रहेको छ। उक्त पूँजीलाई रु. १००/- का दरले १,०१,९२,५००/- (एक करोड एक लाख बयानब्बे हजार पाँच सय) थान शेयरमा विभाजन गरिएको छ। आयोजन प्रभावित क्षेत्रका स्थानीय बासिन्दाकालागि निष्काशन गरिएको शेयरको बाँडफाँड भई हाल कम्पनीको चुक्ता पूँजी रु. ११,५४२,५०,००० कायम भएको छ। यस विवरणपत्र मार्फत रु. १९५७,५०,०००/- रकम बराबरको शेयर सर्वसाधारणलाई निष्काशन गरि सो को बाँडफाँड पश्चात् कम्पनीको चुक्ता पूँजी रु. ,१३५,००,००,०००/- (अक्षेरपी एक अर्ब पैतीस करोड मात्र) हुनेछ।

(८) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

समूह	शेयरधनीहरु	साधारण शेयर संख्या	पूँजी प्रतिशत (%)	चुक्ता रकम	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	१,०१,९२,५००	७५.५%	१,०१,९२,५०,०००/-	शत प्रतिशत
ख	आयोजनाको प्रभावित क्षेत्रका बासिन्दाहरु	१३,५०,०००	१०%	१३,५०,००,०००/-	शत प्रतिशत
ग	सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित)	१९,५७,५००	१४.५%	१९,५७,५०,०००/-	निष्काशन पश्चात् शत प्रतिशत हुने।
	जम्मा	**१,३५,00,000**	**१00%**	**१,३५,00,00,000 /-**	

(९) आधारभूत/संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :

आधारभूत शेयरधनीको विवरण

क्र.सं.	नाम, ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव (सम्बन्धित वा अन्य)
१	श्री सुरेश लाल श्रेष्ठ सैंबु, ललितपुर	अध्यक्ष	६१	नेपाली	९,२५,२६७	ई. एम.बि.ए	विगत ४० वर्षदेखि विभिन्न जलविद्युत आयोजनाहरुको विकास तथा निर्माण सम्बन्धी विभिन्न विदेशी कम्पनीहरुसँग संलग्न।
२.	श्री दिनेश लाल श्रेष्ठ भैंसेपाटी, ललितपुर	प्रबन्ध संचालक	६२	नेपाली	९,२५,२६८	सिनियर क्याम्ब्रिज (Intermediate Level)	१. आई.सि.टि.सी. प्रा.लि, २. आईसिटिसी होल्डिङ्ग कं. (प्रा) लि., ३. आईसिटिसी रियलस्टेट (प्रा) लि. ४. सिम्याट कन्सल्ट्यान्ट (प्रा) लि. **१. आई.सि.टि.सी. प्रा.लि** - विगत ४० वर्ष देखि हाइड्रोपावर कम्पनीहरुको परियोजना विकासको लागि कार्य गरेको अनुभव। - विगत ४५ वर्ष देखि हालसम्म आई.सि.टि.सी. प्रा.लि.मा कार्यकारी अध्यक्ष पदमा रहि कार्य गरेको अनुभव। **२. आईसिटिसी होल्डिङ्ग कं.** - विगत २५ वर्ष देखि हालसम्म आईसिटिसी होल्डिङ्ग कं.मा प्रबन्ध संचालक पदमा रहि कार्य गरेको अनुभव। **३. आईसिटिसी रियलस्टेट (प्रा) लि.** - विगत १३ वर्ष देखि हालसम्म आईसिटिसी रियलस्टेट (प्रा) लि. मा संचालक अध्यक्ष पदमा रहि कार्य गरेको अनुभव। **४. सिम्याट कन्सल्ट्यान्ट (प्रा) लि.** - विगत २ वर्षदेखि हालसम्म सिम्याट कन्सल्ट्यान्ट (प्रा) लि.मा संचालक अध्यक्ष पदमा रही कार्य गरेको अनुभव।
३	श्री प्रविन श्रेष्ठ भैंसेपाटी, ललितपुर	संचालक	५३	नेपाली	११,००,९१२	सिनियर क्याम्ब्रिज (Intermediate Level)	मेत्ता सर्भिसेस प्रा. लि. को प्रबन्ध निर्देशक को रुपमा ७५६ मे.वा. तमोर तथा १५६ मे.वा. माडी स्टोरेज हाइड्रोइलेक्ट्रिक परियोजनाको लागि विदेशी लगानीकर्ताको स्ट्राटेजिक एसोसियट रही योजना विकासमा संलग्न।
४	बी.इ.एस.प्रा.लि	आधारभूत शेयरधनी	लागू नहुने	लागू नहुने	२६,०७,६८०	लागू नहुने	लागू नहुने
५	श्री रुकमणी देवी श्रेष्ठ भैंसेपाटी, ललितपुर	आधारभूत शेयरधनी	८८	नेपाली	१५१,४६२	साधारण लेखपढ	गृहिणी संस्थापकः आइसीटीसी राम रुकमणी परोपकारी निजी गुठी
६	श्री डिजे श्रेष्ठ	आधारभूत शेयरधनी	३७	नेपाली	३,२९,२२२	स्नातकोत्तर	निर्देशक - आईसीटीसी प्रा.लि., संचालक-सस्तो डिल प्रा.लि., पूर्व संचालक - हामा फाइनान्स कम्पनी लि. प्रमुख कार्यकारी अधिकृत-अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कं लि.
७	श्री राजेश लाल श्रेष्ठ जावलाखेल, ललितपुर	आधारभूत शेयरधनी	५३	नेपाली	८५१,५५९	एमबिए	संचालक - आईसीटीसी प्रा.लि., बीमा, बैकिङ तथा वित्तीय क्षेत्रमा १७ वर्षको अनुभव। संचालक-प्रिमियर इन्स्योरेन्स कम्पनी लि. र तारागाँउ रिजेन्सी होटल लि.
८	श्री राम लाल श्रेष्ठ, जावलाखेल, ललितपुर	आधारभूत शेयरधनी	८७	नेपाली	१,१९,४४३	एमए (अर्थशास्त्र)	Founder of ICTC Group पूर्व संचालक - तारागाउँ रिजेन्सी होटल, नेपाल बङ्गलादेश बैंक लि. र प्रिमियर इन्स्योरेन्स कम्पनी लि.।
९	श्री पदम लाल श्रेष्ठ	आधारभूत शेयरधनी	८२	नेपाली	२,१७,६२०	बि.टेक (माइनिङ्ग इन्जिनियरिङ्ग)	उद्योग वाणिज्य मन्त्रालय, खानी तथा भुर्गभ विभाग अन्तर्गत विभिन्न पदमा रही कार्य गरेको अनुभव। सन् २००८ देखि हालसम्म टोटल म्यानेज्मेन्ट सर्भिस प्रा.लि. मा अध्यक्षको रुपमा कार्यरत सन् १९९६ देखि २००७ सम्म टिम नेपाल प्रा.लि. मा अध्यक्ष र प्रबन्ध निर्देशकको पदमा रही कार्य गरेको अनुभव
१०.	श्री प्रजोल लाल श्रेष्ठ	आधारभूत शेयरधनी	४९	नेपाली	४,३५,२५२	बि.ई.	टोटल म्यानेजमेन्ट सर्भिस प्रा.लि. मा प्रबन्ध निर्देशकको रुपमा कार्यरत
११	श्री सविनलाल श्रेष्ठ	आधारभूत शेयरधनी	५०	नेपाली	१,०३,२२०	ओ लेभल (स्नातक)	विगत २५ वर्षको पेय पदार्थ (लिकर) व्यवसायमा संलग्न अनुभव
१२	सोलुखुम्बु इन्भेष्टमेन्ट लि.	आधारभूत शेयरधनी	लागू नहुने	नेपाली	१,५७,४००	लागू नहुने	लागू नहुने
१३.	सोलुखुम्बु ग्रुप प्रा. लि.	आधारभूत शेयरधनी	लागू नहुने	लागू नहुने	१,६६,२८०	लागू नहुने	लागू नहुने
१४	सि.ई. कन्स्ट्रक्सन प्रा.लि	आधारभूत शेयरधनी	लागू नहुने	लागू नहुने	१,५३,०००	लागू नहुने	लागू नहुने
१५	आई सि टी इनर्जी प्रा.लि.	आधारभूत शेयरधनी	लागू नहुने	लागू नहुने	१,२५,४६०	लागू नहुने	लागू नहुने

सञ्चालकहरुको विवरण :

क्र.सं.	नाम, ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव		प्रस्तावित व्यापार/व्यवसायमा अनुभव
							सम्बन्धित	अन्य	
१	श्री सुरेश लाल श्रेष्ठ सैंबु, ललितपुर	अध्यक्ष	६१	नेपाली	९,२५,२६७	ई. एम.बि.ए	● विगत ४० वर्षदेखि विभिन्न हाईड्रो पावर कम्पनीहरुको सम्बन्धमा विभिन्न विदेशी तथा स्वदेशी कम्पनीहरुसंग समन्वय गरी जलविद्युत आयोजनाहरुको सिभिल निर्माण कार्य, इलेट्रो मेकानिकल तथा हाइड्रो मेकानिकल कार्य, प्रशारण लाइन तथा सव स्टेशनहरुको निर्माण तथा सो कार्यको लागि आवश्यक उपकरणहरुको जडान लगायतका कार्यहरुमा संलग्न रहेको।	● पर्यटन, बीमा, पेयपदार्थ, आई.टि, ईन्जिनियरिङ्ग, घर जग्गा व्यवसाय साथै वित्तीय तथा कानूनी परामर्शमा कार्यानुभव ● अध्यक्ष -प्रिमियर इन्स्योरेन्स कम्पनी लि ● सह-कार्यकारी अध्यक्ष, आईसिटिसी (प्रा) लि. ● कार्यकारी निर्देशक - तारागाउँ रिजेन्सी होटल	–
२.	श्री दिनेश लाल श्रेष्ठ भैंसेपाटी, ललितपुर	प्रबन्ध संचालक	६२	नेपाली	९,२५,२६८	सिनियर क्याम्ब्रिज (Intermediate Level)	● विगत ४० वर्षदेखि हाइड्रो पावर कम्पनीहरुको परियोजना विकासका लागि सल्लाहकारका रुपमा कार्य गरेको अनुभव	● पर्यटन, बीमा, पेयपदार्थ, आई.टि, ईन्जिनियरिङ्ग, घर जग्गा व्यवसाय साथै वित्तीय तथा कानूनी परामर्शमा कार्यानुभव **१. आई.सि.टि.सी. प्रा.लि** - विगत ४० वर्षदेखि हाइड्रोपावर कम्पनीहरुको परियोजना विकासको लागि कार्य गरेको अनुभव। - विगत ४५ वर्ष देखि हालसम्म आई.सि.टि. सी. प्रा.लि.मा कार्यकारी अध्यक्ष पदमा रही कार्य गरेको अनुभव। **२. आईसिटिसी होल्डिङ्ग कं.** - विगत २५ वर्षदेखि हालसम्म आईसिटिसी होल्डिङ्ग कं. मा प्रबन्ध संचालक पदमा रही कार्य गरेको अनुभव। **३. आईसिटिसी रियलस्टेट (प्रा) लि.** - विगत १३ वर्षदेखि हालसम्म आईसिटिसी रियलस्टेट (प्रा) लि मा संचालक अध्यक्ष पदमा रही कार्य गरेको अनुभव। **४. सिम्याट कन्सल्ट्यान्ट (प्रा) लि.** - विगत २ वर्षदेखि हालसम्म सिम्याट कन्सल्ट्यान्ट (प्रा) लि.मा संचालक अध्यक्ष पदमा रही कार्य गरेको अनुभव।	-
३	श्री प्रबिन श्रेष्ठ भैंसेपाटी, ललितपुर	संचालक	५३	नेपाली	११,००,९१२	सिनियर क्याम्ब्रिज (Intermediate Level)	● विगत ४ वर्षदेखि मेत्ता सर्विसेस प्रा. लि. को प्रबन्ध निर्देशक रुपमा कार्यरत। ● विगत ३० वर्षदेखि आईसिटिसी (प्रा) लि.मा प्रबन्ध निर्देशक रही कार्य गरेको कार्य अनुभव। ● आई.सी.टी.सी. इनर्जी (प्रा.) लि.मा प्रबन्ध निर्देशक रही गरेको कार्य अनुभव ● आइसिटिसी कन्स्ट्रक्शन कम्पनी प्रा. लि. मा चिफ बिजनेश अफिसरको रुपमा अनुभव।	● मेत्ता सर्भिसेज प्रा. लि. मा प्रबन्ध निर्देशक पदमा रही ७५६ मेगावाटको तमोर हाईड्रो पावर तथा १५६ मेगावाटको माडी स्टोरेज हाइड्रो इलेक्ट्रिक कम्पनीमा विदेशी लगानीकर्ताको स्ट्राटेजिक एसोसियटको रुपमा कार्य गरेको।	● विगत ३२ वर्षदेखि विभिन्न हाईड्रोपावर कम्पनीहरुमा सल्लाहकार तथा प्रबन्ध सञ्चालकको रुपमा कार्य गरेको अनुभव। ● अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनीमा प्रबन्ध निर्देशकको पदमा रही कार्य गरेको।
४	श्री शेखर कुमार राणा ललितपुर उ.म.न.पा. सातदोबाटो	संचालक	७२	नेपाली	-	एमबिए	बिईएस- संस्थापक शेयरधनी	Senior Vice President तारागाउँ रिजेन्सी होटल लि. Chief Controlling Officer Yak and Yeti Hotel Ltd.	-
५.	श्रीमती कुसुम गोर्खाली ललितपुर - १३, नेपाल	संचालक	७०	नेपाली	-	एमकम	आईसीटीसी प्रा. लि. मा वित्त प्रमुख रही ४५ वर्षको कार्य अनुभव	-	-

(१०) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

क्र.सं.	कर्मचारीको नाम	पद	योग्यता	नियुक्ति मिति	कार्यानुभव	शेयर संख्या
१	श्री डि.जे. श्रेष्ठ	प्रमुख कार्यकारी अधिकृत	स्नातकोत्तर	२०७७/०९/०१	निर्देशक - आईसीटीसी प्रा.लि. संचालक - सस्तो डिल प्रा.लि. पूर्व संचालक - हामा फाइनान्स कम्पनी लि. विगत ९ वर्षदेखि अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनीमा वित्त विश्लेषकको पदमा रही कार्य गरेको। विगत १० महिनादेखि अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनी लिमिटेडमा प्रमुख कार्यकारी अधिकृत पदमा कार्यरत।	-
२	श्री रमेश मान श्रेष्ठ	प्राविधिक निर्देशक	बि.ई, मेकानिकल	२०७७/१०/०१	नेपाल विद्युत प्राधिकरण तथा निजी क्षेत्रमा ३० वर्षभन्दा बढी विद्युत प्रशारण, निर्माण, उत्पादन सम्बन्धी कार्यको अनुभव।	-
३	श्री शशी सागर राजभण्डारी	वरिष्ठ सल्लाहकार	बि.ई, सिभिल	२०७७/०४/०१	नेपाल विद्युत प्राधिकरण तथा निजी क्षेत्रमा ४० वर्षभन्दा बढी विद्युत प्रशारण, निर्माण, उत्पादन सम्बन्धी कार्यको अनुभव।	-

(११) सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

यस कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार एक जना महिला संचालक सहित ६ (छ) जना सञ्चालक समिति देहाय बमोजिम हुनेछ।

संस्थापक समूहका शेयरधनीहरुबाट मनोनित/निर्वाचित	४ (चार) जना
सर्वसाधारण समूहका शेयरधनीहरुबाट निर्वाचित	१ (एक) जना
स्वतन्त्र सञ्चालक	१ (एक) जना

नोट : हाल यस कम्पनीमा सर्वसाधारण समूहबाट १ जना तथा स्वतन्त्र सञ्चालक १ जना गरी दुई जना सञ्चालकको पद रिक्त रहेको छ।

* सञ्चालक समितिको गठन कम्पनी ऐन, २०६३ को दफा ८६ को उपदफा (२) र कम्पनीको नियमावली नियम २७ (२) मा भएको व्यवस्था अनुसार गरिएको छ।
सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ।
यस कम्पनीको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार कम्पनीको सञ्चालक पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० (एक सय) कित्ता शेयर लिएको हुनुपर्नेछ। तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन।

(१२) सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनीको कारोबारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरीद गरेको वा खरीद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सिमित रहनेछ। तर कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेश्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्फौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागू हुने छैन।

(१३) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान सहितको संक्षिप्त वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) :

समष्टिकृत वासलात

विवरण	वास्तविक (रु. हजारमा)		
	२०७५/७६	२०७६/७७	२०७७/७८
सम्पत्ति			
गैर चालु सम्पत्ति			
सम्पत्ति, मेशिनरी तथा उपकरण	३,८४१,२९१	४,४९८,१५४	४,७६०,५१५
Deferred Tax Assets	२,२५१	–	१४०
लगानी	–	–	–
जम्मा गैर चालु सम्पत्ति	**३,८४३,५४२**	**४,४९८,१५४**	**४,७६०,६५४**
चालु सम्पत्ति			
नगद तथा नगद बराबर	१२,५१२	४५,६७०	२,५८९
व्यापार प्राप्तिहरु	–	३५,२१३	२९८,२५४
अन्य कर्जा, अग्रिम भुक्तानी र निक्षेप	१५७,४३५	१८१,७७२	–
जम्मा चालु सम्पत्ति	**१६९,९४७**	**२६२,६५५**	**३००,८४३**
जम्मा सम्पत्ति	**४,०१३,४८९**	**४,७६०,८०९**	**५,०६१,४९८**
इक्विटी र दायित्वहरु			
इक्विटी			
शेयर पूँजी	६३६,२६०	१,०१९,२५०	१,०१९,२५०
अग्रिम शेयर पूँजी वापतको रकम	३८३,३९१	१०८,६३६	४४,००१
जगेडा तथा कोष	(७,५७१)	४०,३२६	८३,०५७
जम्मा इक्विटी	**१,०१२,०८०**	**१,१६८,२१२**	**१,१४६,३०७**
गैर चालु दायित्व			
दिर्घकालिन कर्जा	२,८८०,१३९	३,२६६,९३१	३,५४६,००१
जम्मा गैर चालु दायित्व	**२,८८०,१३९**	**३,२६६,९३१**	**३,५४६,००१**
चालु दायित्व			
छोटो अवधिको कर्जा	–	१५४,९९९	२५०,५५०
ट्रेड र अन्य दायित्व	१२१,२७०	१७०,६६८	११८,६३९
जम्मा चालु दायित्व	**१२१,२७०**	**३२५,६६७**	**३६९,१८९**
जम्मा इक्विटी र दायित्वहरु	**४,०१३,४८९**	**४,७६०,८०९**	**५,०६१,४९८**

समष्टिकृत नाफा नोक्सान हिसाब

विवरण	वास्तविक (रु. हजारमा)		
	२०७५/७६	२०७६/७७	२०७७/७८
विद्युत बिक्री	–	७९,०७२	२९४,६६१
अन्य आय	६९३	४५६	१,४७२
जम्मा आय	**६९३**	**७९,५२८**	**२९६,१३३**
घटाउने :	–	–	–
राजश्व खर्च	–	३,९३१	८,२४३
आयोजना संचालन खर्च	–	१२,३६३	३३,०७७
प्रशासनिक खर्च	१,४३३	७,२८७	२२,३२४
संचालन नाफा/घाटा	**(७४०)**	**५५,९४६**	**२३२,४८९**
घटाउने	–	–	–
वित्तीय खर्च	–	२,१८५	१८६,८९२
ह्रासकट्टी	२,४७२	२,५८४	२,१४८
बोनश र कर अघिको नाफा	**(३,२१२)**	**५१,१७८**	**४३,४४८**
घटाउनेः	**–**	**–**	**–**
कर्मचारी बोनश व्यवस्था	–	१,०२९	८५८
कर अघिको नाफा	**(३,२१२)**	**५०,१४८**	**४२,५९१**
वर्तमान कर	–	–	–
Deferred Tax	७९०	(२,२५१)	१४०
कर पछिको नाफा/नोक्सान	**(२,४२२)**	**४७,८९७**	**४२,७३०**

नोट : माथि उल्लेखित वित्तीय विवरणहरु NFRS बमोजिम तयार नगरिएको।

कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति तथा २०७८ चैत्र मसान्तको अपरिष्कृत वित्तीय विवरण देहाय बमोजिम रहेको छ :

वासलात

विवरण	अपरिष्कृत (रु. हजारमा) २०७८ चैत्र मसान्तसम्म	प्रक्षेपित (रु. हजारमा)**		
		२०७८/७९	२०७९/८०	२०८०/८१
सम्पत्ति				
गैर चालु सम्पत्ति				
सम्पत्ति, मेशिनरी तथा उपकरण	४,८२०,९१४	४,८३१,९२७	४,६६४,२०१	४,४९६,७४३
Deferred Tax Assets	–	–	–	–
लगानी	४४,१३६	४४,१३६	४४,१३६	४४,१३६
जम्मा गैर चालु सम्पत्ति	**४,८६५,०५०**	**४,८७६,०६३**	**४,७०८,३३७**	**४,५४०,८७९**
चालु सम्पत्ति	**–**	**–**	**–**	**–**
नगद तथा नगद बराबर	१,९२७	१०,०००	१५,०००	२०,०००
व्यापार प्राप्तिहरु	३७१,११३	७१,२५५	११८,०२०	१२१,५५१
अन्य कर्जा, अग्रिम भुक्तानी र निक्षेप	–	३३६,५३९	३०९,४३३	३०७,७००
जम्मा चालु सम्पत्ति	**३७३,०४०**	**४१७,७९४**	**४४२,४५३**	**४४९,२५१**
जम्मा सम्पत्ति	**५,२३८,०९०**	**५,२९३,८५७**	**५,१५०,७९०**	**४,९९०,१३१**
इक्विटी र दायित्वहरु				
इक्विटी				
शेयर पूँजी	१,०१९,२५०	१,३५०,०००	१,३५०,०००	१,३५०,०००
अग्रिम शेयर पूँजीमा भएको (बृद्धि/कमी)	४४,००१	–	–	–
जगेडा तथा कोष	१३५,०८९	१७७,८५६	२७४,७८९	४१४,१३०
जम्मा इक्विटी	**१,१९८,३४०**	**१,५२७,८५६**	**१,६२४,७८९**	**१,७६४,१३०**
गैर चालु दायित्व	**–**	**–**	**–**	**–**
दिर्घकालिन कर्जा	३,६०८,६१३	३,५४६,००१	३,३०६,००१	३,००६,००१
प्राथमिक सार्वजनिक निष्काशनको लागि लिईएको कर्जा	–	–	–	–
जम्मा गैर चालु दायित्व	**३,६०८,६१३**	**३,५४६,००१**	**३,३०६,००१**	**३,००६,००१**
चालु दायित्व				
छोटो अवधिको कर्जा	२९९,५८५	१५०,०००	१५०,०००	१५०,०००
ट्रेड र अन्य दायित्व	१३१,५५२	७०,०००	७०,०००	७०,०००
जम्मा चालु दायित्व	**४३१,१३७**	**२२०,०००**	**२२०,०००**	**२२०,०००**
जम्मा इक्विटी र दायित्वहरु	**५,२३८,०९०**	**५,२९३,८५७**	**५,१५०,७९०**	**४,९९०,१३१**

नाफा नोक्सान हिसाब

विवरण	अपरिष्कृत (रु. हजारमा) २०७८ चैत्र मसान्तसम्म	प्रक्षेपित (रु. हजारमा)**		
		२०७८/७९	२०७९/८०	२०८०/८१
विद्युत बिक्री	२७८,८१२	४२७,५२९	७०८,१२०	७२९,३०८
अन्य आय	९९	७२२	१८७	३७५
जम्मा आय	**२७८,९१२**	**४२८,२५१**	**७०८,३०७**	**७२९,६८३**
घटाउने :				
राजश्व खर्च	६,१८२	१०,९०१	१६,५१३	१६,९३६
आयोजना संचालन खर्च	३७,५४१	३४,०६९	३५,०९१	३६,१४४
प्रशासनिक खर्च	३०,४८१	४७,७४१	२३,४२३	२४,१२६
संचालन नाफा/घाटा	**२०४,७०७**	**३३५,५४०**	**६३३,२८०**	**६५२,४७७**
घटाउने				
वित्तीय खर्च	८२,९६४	१६९,३६५	३६६,६४३	३४२,८३५
ह्रासकट्टी	६९,२६०	७०,०३०	१६७,७२६	१६७,४५७
बोनश र कर अघिको नाफा	**५२,४८४**	**९६,१४४**	**९८,९१०**	**१४२,१८५**
घटाउनेः				
कर्मचारी बोनश व्यवस्था	१,०२९	१,९२३	१,९७८	२,८४४
कर अघिको नाफा	**५१,४५५**	**९४,२२१**	**९६,९३२**	**१३९,३४१**
वर्तमान कर	–	–	–	–
Deferred Tax	–	–	–	–
कर पछिको नाफा/नोक्सान	५१,४५५	९४,२२१	९६,९३२	१३९,३४१

विगत तथा आगामी तीन वर्षको नेटवर्थमा भएको औषत प्रतिफल

विवरण	वास्तविक (रु. हजारमा)			प्रक्षेपित (रु. हजारमा) **		
	आ.व. ०७५/०७६	आ.व. ०७६/०७७	आ.व. ०७७/०७८	आ.व. ०७८/०७९	आ.व. ०७९/०८०	आ.व. ०८०/०८१
चुक्ता पूँजी	६३६,२६०	१,०१९,२५०	१,०१९,२५०	१,३५०,०००	१,३५०,०००	१,३५०,०००
जगेडा तथा कोषहरु	(७,४५०)	४०,७५२	८३,६३५	१७७,८५६	२७४,७८९	४१४,१३०
कुल	**६२८,८०९**	**१,०६०,००२**	**१,१०२,८८५**	**१,५२७,८५६**	**१,६२४,७८९**	**१,७६४,१३०**
घटाउने : अपलेखन गर्न बाँकी खर्च (Fictitious Assets)	–	–	–	–	–	–
कुल नेटवर्थ	**६२८,८०९**	**१,०६०,००२**	**१,१०२,८८५**	**१,५२७,८५६**	**१,६२४,७८९**	**१,७६४,१३०**
शेयर संख्या (हजारमा)	६,३६३	१०,१९३	१०,१९३	१३,५००	१३,५००	१३,५००
प्रति शेयर नेटवर्थ (रु.)	९८.८३	१०४.००	१०८.२१	११३.१७	१२०.३५	१३०.६८
खुद नाफा/नोक्सान	**(२,३८३)**	**४८,२०२**	**४२,८८३**	**९४,२२१**	**९६,९३२**	**१३९,३४१**
प्रति शेयर आम्दानी (रु.)	(०.३७)	४.७३	४.२१	६.९८	७.१८	१०.३२
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा औसत प्रतिफल	**(०.३८)**	**४.५५**	**३.८९**	**६.१७**	**५.९७**	**७.९०**
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा						३.९६%

** प्रक्षेपित वित्तीय विवरण कम्पनी आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु पुनरावलोकन गरी ठीक छ भनी जी पौड्याल एण्ड एसोसियट्सका चार्टर्ड एकाउण्टेन्ट सि. ए. घनश्याम पौड्यालबाट प्रमाणित गरिएको छ।

ख. विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल : २.६९%

वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरु :

विवरण	आ.व २०७८/७९	आ.व २०७९/८०	आ.व २०८०/८१
१. कुल आयमा औषत बृद्धिदर	४४.६१%	६५.४०%	३.०२%
२. कुल खर्चमा औषत बृद्धिदर	३१.९०%	८३.०३%	(३.४४%)
३. संचालन खर्च तथा कुल आम्दानी अनुपात	२१.६४९%	१०.५९२%	१०.५८१%
४. खुद मुनाफामा औषत बृद्धिदर	११९.७२%	२.८८%	४३.७५%
५. आयकर व्यवस्था (प्रतिशतमा)	–	–	–
प्रति शेयर आम्दानी	६.९८	७.१८	१०.३२
अन्य संचालन खर्चका बृद्धिदर	२७.११%	१२२.२६%	(४.३३%)
Return on Equity	९.२४	९.५१	१३.६७
Return on Assets	१.७८%	१.८८%	२.७९%

वित्तीय विवरणको अनुमानहरुको धारणा

१. आयोजनाको कुल लागत ५०० करोड हुनेछ।
२. आयोजनाको वित्तीय योजना निम्न अनुसार गरिएको छ।

(रु. करोडमा)

बैंक कर्जा	संस्थापक	प्राथमिक सार्वजनिक निष्काशन	जम्मा
३६५	१०१.९२५	३३.०७५	५००

प्राथमिक सार्वजनिक निष्काशनको रकम आर्थिक वर्ष २०७८/०७९ भित्र प्राप्त हुने अनुमान गरिएको छ।

३. प्राथमिक सार्वजनिक निष्काशनबाट संकलित रकम मध्ये रु. २१ करोड ५० लाख Bridge Gap Loan को फिर्ता भुक्तानीमा प्रयोग गरिने र बाँकी रकम दिर्घकालिन ऋणको फिर्ता भुक्तानीमा प्रयोग गरिनेछ।
४. यस आयोजना २०७८/११/०७ बाट औपचारिक रुपमा सञ्चालन हुने अनुमान गरिएको छ।
५. बैंकको कर्जा पूर्ण रुपले विद्युत उत्पादन शुरु भए पश्चात् १० वर्ष भित्र किस्ताबन्दी रुपमा तिरिनेछ।
६. व्यापार प्राप्ती (Trade Receivables) नेपाल विद्युत प्राधिकरणलाई २ महिनाको बिजुली बिक्रीको रुपमा लिईएको छ।
७. बिजुली बिक्रीलाई विद्युत खरीद सम्फौताको ९७% क्षमता उपयोगमा लिईएको छ।
८. अन्य आय कम्पनीको अतिरिक्त नगद ब्यालेन्समा प्राप्त ब्याज आयमा लिईएको छ।
९. राजस्व खर्च प्रचलित कानून अनुसार बुक गरिएको छ।
१०. परियोजना खर्च र प्रशासनिक खर्च हरेक वर्ष ३% ले वृद्धि हुने प्रक्षेपण गरिएको छ।
११. आ.व. २०७८/०७९ मा रु. २ करोड ५० लाख रुपैंया प्राथमिक निष्काशनको खर्चकालागि छुट्याई प्रक्षेपण गरिएको छ।
१२. कर्जाको ब्याज दर ९.९२% अनुमान गरिएको छ।
१३. विद्युत ऐन, २०४९ बमोजिम कर्मचारी बोनस प्रावधान खुद नाफाको २% दिने प्रक्षेपण गरिएको छ।
१४. आयोजनामा ह्रासकट्टी (Depreciation) आयोजना अवधि ३० वर्ष मानि स्टेट लाईन प्रक्रियाबाट गरिएको छ।
१५. प्रचलित कानुन बमोजिम आयकरको व्यवस्था गर्ने प्रक्षेपण गरिएको छ।
१६. व्यापारिक उत्पादन शुरु हुने मितिको अवधि भन्दा अघि आ.व. २०७८/०७९ मा ७ महिनाको लागि वित्तीय खर्च र ह्रासकट्टीलाई पूँजीकृत गरिएको छ।
१७. लाभांश वितरणको लागि कुनै पनि रकम नछुट्याई प्रक्षेपण गरिएको छ।
१८. सहायक कम्पनी सिसा हाइड्रो इलेक्ट्रिक कम्पनी लिमिटेड पूर्ण रुपमा संचालन नभएकोले यस प्रक्षेपित वित्तीय विवरणमा समष्टिकृत सम्पत्ति, दायित्व, आम्दानी र खर्च नदेखाई लगानीलाई मात्र समावेश गरिएको छ।

(१४) अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :

संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने। यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नु पर्ने।

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम :**
हाल आयोजनाको सम्पूर्ण निर्माण कार्य सम्पन्न भई तथा सोलु करिडोर १३२ के.भी. प्रशारण लाईनको समेत निर्माण कार्य सम्पन्न भएकाले मिति २०७८/११/०७ गतेदेखि सोही सोलु करिडोर १३२ के.भी. प्रशारण लाईन मार्फत आयोजनाबाट उत्पादित विद्युत पूर्ण रुपमा बिक्री भैरहेकोले परियोजना सम्पन्न गर्नकालागि वित्तीय साधनको अभावको जोखिम नरहेको।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम :**
जलश्रोतको मुहानमा वातावरणमा अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने जोखिम रहेको।

(ग) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम** : नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरीद गर्ने सम्फौता भइसकेको हुनाले बजारको जोखिम नरहेको।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम :**
हाल यस आयोजनाको निर्माण कार्य सम्पन्न भैसकेको र सिभिल निर्माणको ठेकेदार कम्पनीले Idle Time & Insurance Claim वापत रु. ६,०१,२४,३५९/०० बराबरको रकम दावी गरेको छ। हालसम्म उक्त दावी रकमका विषयमा कुनै निर्णय भई नसकेकाले संभावित दावी भुक्तानी गर्नुपर्ने अवस्था आएमा भविष्यमा यसबाट सो रकम बराबरको आयोजनाको मूल्य अभिवृद्धि (Cost Overrun) को जोखिम रहेको।

(ङ) **विदेशी विनिमयको जोखिम** : हाल त्यस्तो जोखिम नरहेको ।

(च) **कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु :**
कम्पनीले पुरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजतपत्रहरु प्राप्त गरी आयोजनाको निर्माण कार्य सम्पन्न भैसकेकोले यस किसिमको जोखिम नरहेको।

(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम** : क्षेत्रीयकरण र विश्वव्यापीकरण Globalization) का कारणबाट आयोजनामा कुनै जोखिम नरहेको।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :**
- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु।
- कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिवर्तन भएमा श्रृजना हुन सक्ने जोखिमहरु।
- जलविद्युत उपकरणहरु आयात सम्बन्धी नितिहरु परिवर्तनबाट हुने जोखिमहरु।

(झ) **सञ्चालन इतिहासको अभाव :**
यस कम्पनीका संचालकहरु नेपालका विभिन्न जलविद्युत आयोजनाको निर्माण तथा संचालन कार्यमा प्रत्यक्ष तथा परोक्ष रुपमा सहभागी भएका तथा कर्मचारीहरु जलविद्युत निर्माण तथा संचालन कार्यमा अनुभवी रहेको हुँदा यस कम्पनीको सञ्चालन अनुभवको अभावबाट हुने जोखिम नरहेको।

(ञ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम:**
- जलविद्युत आयोजना निर्माणका लागि आवश्यक टर्वाइन, स्पेयर पार्ट्स, जेनेरेटर लगायतका विभिन्न उपकरणमा आउने परिवर्तन तथा नयाँ प्रविधिबाट विद्युत उपकरणहरु फेजआउट भएमा।
- जलविद्युत बाहेक अन्य श्रोतबाट भविष्यमा कम लागतमा विद्युत उत्पादन भएमा केही हदसम्म यस व्यवसायमा असर पर्ने जोखिम रहेको।

(ट) **अन्य :**
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।
- पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्न सक्ने जोखिमहरु।
- आयोजनामा भुकम्प, बाढी पहिरो जस्ता कारणले हुने क्षतिको जोखिमहरु।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :

जलश्रोतको हिसाबले नेपाल विश्वकै धनी देशहरुमा पर्ने कुरा सर्वविदितै हुँदा हुँदै पनि नेपालमा उर्जा शक्तिको अत्यधिक माग रहेको र सो को आपूर्ति पूर्ण रुपमा हुन नसकेको परिप्रेक्ष्यमा उर्जाको श्रोतको रुपमा जलश्रोत नै प्रमुख र भरपर्दो श्रोत भएको देखिन्छ। तसर्थ उर्जाकालागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको भन्नेमा व्यवथापनको धारणा रहेको छ। उर्जा प्राप्त गर्ने विभिन्न श्रोतहरु भएता पनि पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन। त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखिम रहेको धारणा व्यवस्थापनको रहेको छ। तथापि, आयोजनामा हुनसक्ने भौतिक क्षतिको जोखिमलाई न्यूनिकरण गर्नका लागि कम्पनीले परियोजनाको सम्पूर्ण सम्पत्तिलाई खाम्ने गरी बीमाको व्यवस्था गरेको छ र सो विवरण देहाय बमोजिम रहेको छ :

१. **बीमा कम्पनीको नाम** : एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड, लाजिम्पाट, काठमाडौं।
२. **बीमाले बहन गर्ने जोखिम** : यस कम्पनी तथा आयोजनाको आवश्यक संरचना, मेसिन, औजार तथा उपकरणहरु तथा सम्पत्तिको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ :

सि.नं.	सम्पत्तिहरुको विवरण	बीमा गरिएको रकम रु.	प्रिमियम भुक्तानी गरिएको रकम रु.
१.	आयोजना स्थल (भवनभित्र रहेका सम्पत्तिहरु)		
१.१.	सिभिल कार्यहरु	२,४७०,५३९,७३४.८२	९,४१८,०२४.४६
१.२.	गेट भल्भ र पेनस्टक	१,००९,२२८,५४१.३६	
१.३.	ट्रान्समिशन लाइन र सवस्टेशन	७८,८३६,९२२.०४	
१.४.	इलेक्ट्रो मेकानिकल वोर्क	९४६,५३९,२४८.७८	९६२६,३२४.१५
	जम्मा	**४,५०५,१४४,४४७.००**	**१९,०४४,३४८.६१**

३. Loss of Profit बाट हुनसक्ने जोखिमलाई न्यूनिकरण गर्न रु. ५८३,७७३,६४६.०० रकम बराबरको बीमा गरिएको छ र सो को प्रिमियम रकम रु. ५,९३६,९९७.९८ भुक्तानी गरिएको छ।
४. सोलु खोला, सोलुखुम्बु स्थित आयोजना परिसरमा तेश्रो पक्षको व्यक्ति वा सम्पत्तिलाई क्षति हुनसक्ने जोखिमलाई न्युनिकरण गर्न रु. १७,०००,०००/- रकम बराबरको बीमा गरिएको छ र सो को प्रिमियम रकम रु. ४८,०४५/- भुक्तानी गरिएको छ।
४. माथि उल्लेखित सम्पूर्ण बीमाको बीमालेख शुरु मिति : २०/०१/२०२२
५. माथि उल्लेखित सम्पूर्ण बीमाको बीमालेख समाप्ति मिति : १९/०१/२०२३

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :

रु. १००/- प्रति शेयरको दरले निष्काशन गरिएको मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

(१५) सकारात्मक पक्षहरु :

- **सुपर सिक्स आयोजना** : देशमा रहेको बढ्दो विद्युतको लोडसेडिङ्गलाई न्यूनीकरण गर्न नेपाल सरकारको मिति २०६५/०९/०९ को निर्णय बमोजिम राष्ट्रिय विद्युत संकट न्यूनीकरण कार्ययोजना, २०६५ को कार्यान्वयनको सिलसिलामा नेपाल सरकारबाट सन् २००९ मा प्रतिवद्धताका साथ तत्कालिन अवस्थामा अध्ययन सम्पन्न गरेका विभिन्न ८ (आठ) जलविद्युत आयोजनाहरु निजी क्षेत्रका प्रवर्धकहरुबाट विकास गराउने अभिप्रायले प्रतिस्पर्धाको माध्यमबाट प्रस्ताव पेश गर्न बोलपत्र आह्वान गरेको थियो। ती आठ जलविद्युत आयोजनाहरु मध्ये ६ वटा जलविद्युत आयोजनाहरुमा निजी क्षेत्रका प्रवर्धकहरुबाट प्रस्तावहरु पेश भएका थिए। ती ६ जलविद्युत आयोजनाहरुमा निजी क्षेत्रका प्रवर्धकहरुबाट पेश भएका प्रस्तावहरुको आवश्यक मूल्यांकन पश्चात् नेपाल सरकारले विभिन्न जलविद्युत आयोजनाहरु निजी क्षेत्रका विभिन्न प्रवर्धकहरुलाई विकास गर्न अनुमति प्रदान गरेको थियो। यी नै ६ जलविद्युत आयोजनाहरुलाई चलन चल्तीको भाषामा सुपर सिक्स (Super Six) आयोजना भन्ने गरिएको छ। यी नै ६ जलविद्युत आयोजनाहरु मध्ये २३.५ मेगावाट क्षमताको यस सोलु जलविद्युत आयोजना पनि हो र यस आयोजनाको अनुमतिपत्र यस अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनी लिमिटेडलाई प्राप्त भएको हो।
- आयोजनाबाट प्राप्त हुने आयमा १० वर्ष (आ.व. २०८६/२०८७ सालसम्म) पूर्ण रुपमा आयकर छुट तथा सो पश्चात् ५ वर्षको लागि ५० प्रतिशत आयकर छुट प्राप्त भएको।
- कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको।

(१६) धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

(क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकिया :**
स्वीकृत विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर खरीदकालागि आवेदनकर्ताहरुबाट अत्यधिक माग भई आएको अवस्थामा प्राप्त भएका आवेदनहरुलाई धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ निर्देशिकामा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ। त्यसैगरी निष्काशन गरिएको अवधि भरमा समेत सर्वसाधारणहरुबाट न्यून माग भई आएको अवस्थामा बाँकी रहेको शेयर प्रत्याभूतिकर्ताबाट प्रत्याभूति सम्फौतामा उल्लेख भएको शर्त बमोजिम खरीद हुनेछ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :**
धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई शेयर बाँडफाँट गरे पश्चात् बाँडफाँडमा नपरेको रकम आवेदनकर्ताले आवेदन फारममा उल्लेख गरेको बैंक खातामा सोभै जम्मा हुने गरी IPS मार्फत फिर्ता भुक्तानी दिने व्यवस्था मिलाईने छ। आस्बा प्रणाली मार्फत आवेदन दिएका आवेदनकर्ताहरु (स्थानीय तथा सर्वसाधारण) को हकमा शेयर बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्विकृत र अस्विकृत भएको व्यहोरा उल्लेख गरी धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराईनेछ र सोही विवरणका आधारमा सम्बन्धित आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँटमा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :**
सर्वसाधारणहरुबाट सि-आस्बा मार्फत आवेदन प्राप्त हुने हुँदा निजहरुको हकमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ मा भएको व्यवस्था बमोजिम हुने हुँदा यो व्यवस्था लागू हुने छैन।

(घ) **धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :**
स्वीकृत विवरणपत्र मार्फत सर्वसाधारणको लागि जारी गरिने १९,५७,५०० कित्ता (आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुबाट खरीद नभई शेयर बाँकी रहन गएमा सो समेत) साधारण शेयरहरुको प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४, सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको निर्धारित समयभित्र बाँडफाँट गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता भए पश्चात् आवेदन फाराममा उल्लेख भएको हितग्राही खातामा बाँडफाँटमा परेको शेयर वितरण/जम्मा गर्ने व्यवस्था मिलाईनेछ।

(ङ) **धितोपत्र सूचीकरण भई सकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्न'पर्ने शर्तहरु सम्बन्धी विवरण :**
निष्काशन गर्ने साधारण शेयर हाल सूचिकरण भइसकेको छैन।

(च) **धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**
निष्काशन गरिने साधारण शेयर धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार सर्वसाधारणलाई शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनी आफै वा कम्पनीबाट नियुक्त शेयर रजिष्ट्रार मार्फत सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा धितोपत्र दर्ता तथा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्था अनुसार सूचिकरण गराई बाँडफाँडमा परेका आवेदकहरुको हितग्राही खातामा बाँडफाँडमा परेको शेयर जम्मा गरी शेयर खरीद बिक्रीको व्यवस्था मिलाईनेछ।

(१७) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचय पत्र र सम्बन्धित व्यवसायीको नाम खुलाउनु पर्ने र बैंक खाता मार्फत कारोवार गरिनुपर्ने जस्ता पक्षहरु :

१. कुनै पनि नेपाली नागरिकले स्वीकृत विवरणपत्र अनुसार जारी गरिने शेयर खरीद गर्न आवेदन दिन सक्नेछन्।
२. आस्बा प्रणाली अन्तर्गतको आवेदन दिंदा भर्नुपर्ने अनुसूची ४ को सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा खुलाउनु पर्नेछ।
   क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम।
   ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना।
   ग. नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता।
   घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा)।
   ङ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा)।
   च. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम।
   छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर।
३. आवेदकहरुले आवेदन दिंदा आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनुहुँदैन।
४. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ।
५. "धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुका सम्बन्धित बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँडमा नपर्ने लगानीकर्ताको धितोपत्र खरीदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिदिनेछ।
६. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ।
७. दरखास्त फाराममा गलत विवरण भरेको वा उल्लेख गर्नुपर्ने सम्पूर्ण विवरण उल्लेख नगरेको वा भरेको नपाइएमा सो दरखास्त फारामलाई रद्द गरिनेछ।
८. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरिने हुँदा सो कुराको जानकारी आवेदक स्वयंले बुझ्नु पर्नेछ।
९. धितोपत्र बाँडफाँट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ।
१०. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकाले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ।
११. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारमलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुँदा आवेदन फाराममा भरेको हितग्राही खाता नम्बर आवेदक स्वयंले यकिन गर्नुपर्नेछ।
१२. रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिने आवेदकले अनिवार्य रुपमा आफ्नो स्थायी लेखा नं. (प्यान) को प्रतिलिपि समेत आवेदन फारमसाथ पेश गर्नुपर्नेछ। रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिने आवेदकहरुले आफुले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ।

(१८) नियमावली, प्रवन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरण :

१. कम्पनीको प्रबन्धपत्र तथा नियमावली कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौं जिल्ला, हात्तिसार, काठमाडौं र यस निष्काशन कार्यकालागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी प्राप्त गर्न सकिने छ।
२. सर्वसाधारण आवेदकले कम्तीमा १० (दश) कित्ता शेयर खरीदका लागि आवेदन दिनुपर्नेछ। १० (दश) कित्ताभन्दा बढी शेयरका लागि आवेदन दिंदा १० (दश) अङ्कले भाग जाने संख्यामा अधिकतम १ लाख कित्ता शेयरका लागि आवेदन दिन सक्नेछन्।

(१९) धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

निष्काशनबाट प्राप्त हुने कुल रकम तल उल्लेखित विभिन्न क्षेत्रहरुमा प्रयोग हुनेछ :

क्र.सं.	विवरण	रकम (रु.)
१.	बैकबाट लिईएको ब्रिज ग्याप ऋण भुक्तानी गर्न	२१,५०,००,०००/-
२.	बैकबाट लिईएको दिर्घकालिन कर्जा भुक्तानी गर्न	११,५७,५०,०००/-
	जम्मा	**३३०,७५०,०००/-**

(२०) विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुफाउने स्थान :

विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना

क्र.सं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं र वेबसाइट www.nmbcl.com.np
२.	अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनी लिमिटेड, हात्तिसार, काठमाडौं र वेबसाइट www.ushec.com.np
३.	नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर र वेबसाइट www.sebon.gov.np

क्र.सं.	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :
१	नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरुका साथै मेरो शेयर खाता मार्फत आवेदन दिन सकिने छ।

(२१) निष्काशन बैंक (Bankers to the Issue):

स्वीकृत विवरणपत्र मार्फत निष्काशित साधारण शेयरहरुको लागि निष्काशन बैंक (Banker to the Issue) को रुपमा एनएमबि बैंक लिमिटेड, बबरमहललाई तोकिएको छ।

सि.नं.	नाम, ठेगाना	खाताको नाम	खाता नं.
१.	एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौं	NMBCL-USHEC-IPO-2077/78	९९०००० ५४०१०००६८४

साथै आवश्यकता अनुसार नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी गराई अन्य वाणिज्य बैंकहरु तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत निष्काशन बैंक तोक्न सकिने छ।

(२२) धितोपत्र बिक्री खुल्ला अवधि :

स्वीकृत विवरणपत्र मार्फत सर्वसाधारणका लागि निष्काशन गरिने साधारण शेयरको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा ४ दिन र बढीमा १५ दिनसम्म खुल्ला रहनेछ।

(२३) गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा एक विशेष कक्षको व्यवस्था गरिएको छ। साथै गुनासो सुन्न र सो को समाधानको लागि सम्पर्क अधिकारी श्री स्मृती महर्जनलाई निजकै कार्यालयमा वा निजलाई कार्यालय समयभित्र फोन नं ४४३७९६० (एक्स. ११४) मा सम्पर्क गरी आफ्नो गुनासो प्रेषित गर्न सकिनेछ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

NMB CAPITAL LIMITED

एनएमबि क्यापिटल लिमिटेड

नागपोखरी, काठमाडौं, नेपाल ।
फोन नं.: ०१-४४३७९६३
इमेल: info@nmbcl.com.np | वेबसाइट: www.nmbcl.com.np